# मिति २०७७।१०।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १.** नेपालगंज उपमहानगरपालिकामा कार्यारत स्थायी कर्मचारीहरुको सेवा अवकाशपछि पाउनुपर्ने औषधीउपचार.,उपदान तथा संचित बिदा बापतको रकमको लागि कर्मचारी कल्याणकोषको व्यवस्था गरी हाल बाँकी रहेका भुक्तानी हुन बाँकी अवकास प्राप्त मध्ये मृत्यु भएकोलाई पहिलो प्राथमिकतामा राखी अवकांश पश्चात पाउने सुविधा रकम भुक्तानी गर्दै जाने, चालु आ.व. ०७७।०७८ को विनियोजित औषधि उपचार, उपदानको रकमबाट अवकाश प्राप्त कर्मचारीहरुलाई सुबिधा रकम भुक्तानी हुन नपुग भएमा अर्को आ.व.०७८।०७९ को बजेटमा रकम व्यवस्था गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** यस उप-महानगरपालिकाको कार्यालय परिसर तथा जिल्ला समन्वय समितिसँग भएको सम्झौता अनुसार जिल्ला समन्व्य समिति समेतको भौतिकसुरक्षाका लागि सुरक्षा गार्डहरुको सेवा लिन सेवाप्रदायक छनौट गर्न साविककै ला.अ., सेवा शर्त अनुसार सार्वजनिक सूचना आव्हान गर्ने र सो कार्यका लागि साविकमा विनियोजित रकममा रु १०,०००००।- (अक्षेरुपी दश लाख मात्र)थप गरी बजेट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** यस उप-महानगरपालिका भित्र हुने राजनैतिक दलहरुको केन्द्रिय कार्यक्रमको लागि बर्षको १ पटक साविकको कार्यपालिकाको निर्णय बमोजिम नै कार्यव्यवयन गर्ने नीति लिने निर्णय गरियो ।

**निर्णय नं. ४.** यस उप-महानगरपालिकामा वंडाहरुबाट सिफारिस भै आए अनुसार नगर प्रमुखज्युको आदेश लिई प्रति वडाबाट र प्रति कार्यपालिका सदस्य बढीमा २ वटा (वडा नं.१४ को हकमा ५ वटा) खानेपानी धाराको समान उप-महानगरेपालिकाबाट उपलब्ध गराउने र जडान तथा लेवर सहितको खर्च लाभग्राही स्वयमले व्योहोर्ने गरि दिने निर्णय गरियो ।

**निर्णय नं. ५.** नेपालगंज उप-महानगरपालिका वडा नं २० राँझामा अवस्थित जय जनता मा.वि. नयां बस्ती, थपुवाको कृषी क्याम्पस संचालन गर्न ४५००००।- (अक्षेरुपी चार लाख पचास हजार मात्र)उप-महानगरपालिकाको आन्तरीक स्रोतबाट व्ययभार हुनेगरी दिने निर्णय गरियो ।

**निर्णय नं. ६** नेपालगंज उप-महानगरपालीका, वडा नं. २० गायत्रीनगर स्थित सार्वजनिक ऐलानी जग्गा करीव १२ कठ्ठा जग्गा यातायात व्यवस्था कार्यालयको भवन निर्माणका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७.** नेपालगंज उप-महानगरपालीकामा स्वास्थ्य शाखा अर्न्तगत शहरी स्वास्थ्य केन्द्र वडा नं.१२ मा कार्यरत जनस्वास्थ्य निरिक्षक श्री आरती चौधरी नेपालभरी बाट इन्ट्रिग्रेटि आइका नेपाल २०२० को टप ५ विजेता छानीएर सम्मानीत हुनुभएकोमा यस नगरपालिकाको आठौ नगर सभामा सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** नेपालगंज उप-महानगरपालिकाको नारी विकास भवनमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान प्रादेशिक कार्यालयले कलेज संचालनगर्न भवन माग भई आएकाले कलेज संचालनको लागि भवन उपलब्ध गराउने विषयमा भवन लिने र दिने दुबै पक्षले भवन छोड्न परेमा एक पक्षले अर्को पक्षलाई ३ महिना अगाडीनै जानकारी दिनुपर्ने गरि हाललाई वडा नं. ९ मा रहेको नारी विकासको भवन १० (दश) बर्षको लागि सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** नेपालगंज उप-महानगरपालिकाको मिति २०७४।११।२७ गते भएको कार्यपालिकाको निर्णयानुसार ल्याडफिल्ड साइटको क्षेत्र विस्तार सम्बन्धमा ५०० मि. आसपास (वरिपरि) निर्माण कार्य गर्न नदिने (बसोबास हुने किसिमको,मानवबस्ती बस्ने किसिमको) निर्णयानुसार निवेदक रजा ग्रप्स प्रा.ली.को नक्सा पास सम्बन्धि बुझिलिएको यसअघिको राजश्व रकम फिर्ताका लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

## मिति २०७७।१०।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं. १०. नेपालगंज उप-महानगरपालिकामा विगत लामो समयदेखि कार्यरत ज्यालादारी कर्मचारीहरुलाई करार सेवामा लैजाने विषयमा अध्ययन गरी निष्कर्षका लागि सिफारिस गर्न तपसिलको समिति गठनगर्ने निर्णय गरियो ।

**तपसिल :**

१. कार्यपालिका सदस्य :- श्री प्रमोद रिजाल - संयोजक

२. कार्यपालिका सदस्य :- श्री सफिक बेहना - सदस्य

३. कार्यपालिका सदस्य :- श्री सुनिलसिंह हमाल - सदस्य

४. सा. प्र.महाशाखा प्रमुख :- (ले.अ.) श्री राजन कुमार के.सी. - सदस्य सचिव

निर्णय नं. ११ : यस नेपालगंज उप-महानगरपालिकाको आर्थिक प्रशासन शाखाबाट पेश भए बमोजिम आ.व. २०७७।०७८को मिति २०७७।१०।१२ सम्मको संचित कोषमा प्राप्त आम्दानी तथा खर्च खाताहरुमा गरिएको ट्रान्सफर,खर्च शिर्षक अनुसार बजेट तथा खर्च (वडा कार्यालयको समेत) खर्च शिर्षक अनुसार बजेट तथा खर्च (नगरपालिकाको मात्र) सातौ नगरसभाबाट बिनियोजित खर्च अपुग हुने कार्यक्रमहरु र सो कार्यक्रममा हुने खर्चको विवरण माथि व्यापक छलफल भयो । सो विवरणहरु समेत अनुमोदन कार्यका लागि आठौ नगरसभामा समेत पेश गर्ने निर्णय गरियो

निर्णय नं. १२. यस नेपालगंज उप-महानगरपालिकाको आर्थीक प्रशासन शाखाबाट पेश भए बमोजिम आ.व. २०७७।०७८को पहिलो ६ महिनामा भएको खर्चका आधार तथा खर्चको प्रकृति बमोजिम खर्च अपुग हुने शिर्षकमा कार्यालयले पेश गरेबमोजिम रकम थप गर्ने पेश भए बमोजिमका कार्यक्रमहरुको स्रोत परिवर्तन गर्न नगरपालिकाको गत बर्षको मौज्दातबाट संचालन हुने नयाँ कार्यक्रमहरु नगर कार्यपालिकाबाट विभिन्न समयमा गरिएका निर्णय बमोजिम संचालन भएका कार्यक्रमहरु र संघिय तथा प्रदेश सरकारहरुबाट हस्तान्त्रित थप कार्यक्रमहरु समेत अनुमोदन कार्यका लागि आठौं नगरसभामा समेत पेश गर्ने निर्णय गरियो

निर्णय नं. १३. यस नेपालगंज उप-महानगरपालिकाको सार्वजनिक जग्गा अतिकमण,सार्वजनिक निर्माणहरुको अनुगमन तथा घर नक्सा पास प्रमाण पत्र दिने सम्बन्धी काममा आयको जनगुनासो तथा कार्यपालिकामा सो सम्बन्धी उठान भएको विषयमा यर्थाथ के हो ? सो को छानविन गरि कार्यपालिकामा पेश गर्न तपसिल बमोजिम छानविन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

१ . कार्यपालिका सदस्य :- बिन्दुभूषण बस्नेत - संयोजक

२. कार्यपालिका सदस्य :- श्री ओम प्रकाश मिश्र - सदस्य

३. सामान्य प्रशासन महाशाखा प्रमुख :- (ले.अ.) श्री राजन कुमार के.सी. - सदस्य सचिव

निर्णय नं. १४. यस नेपालगंज उप-महानगरपालिकाका बाट संचालनहुने योजना तथा कार्यक्रमहरु संचालन गर्न यस पुर्व बोर्डको निर्णय विना सम्झौता भई सकेको बाहेक संघीय अनुदान र प्रदेश अनुदान बाट प्राप्त हुने अन्य योजनाहरु ठेक्का पट्टा विधिबाट मात्र सम्पन्न गर्ने निर्णय गरियो ।

## मिति २०७७।१०।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. १५** यस नेपालगंज उप-महानगरपालिकाको शिक्षा ऐन,२०७६का विभिन्न विषयहरुमा शिक्षक महासंघबाट प्राप्त सुझावहरुमा छलफल गरी उक्त विषयलाई अर्को कार्यपालिकाको बैठकमा निचोड सहित पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | | |
|---|---|---|---|
| श्री प्रमोद रिजाल | -: सदस्य | श्री बुद्धि सागर सुवेदि | -: सदस्य |
| श्री दिपक कुमार बर्मा | -: सदस्य | श्री सुनिलसिहं हमाल | -: सदस्य |
| श्री मो. सफिक बेहना | -: सदस्य | श्री ओमकार नाथ मिश्र | -: सदस्य |
| श्री इन्दिरा कुमारी शाही | -: सदस्य | श्री कौशल कुमार धोबी | -: सदस्य |
| श्री बसन्ता जोशी | -: सदस्य | श्री शिक्षा महाशाखा | -: सदस्यसचिव |

**निर्णय नं. १६** कर्मचारी समायोजन ऐन तथा अन्य संघीय कानुनहरुले समेत हालसम्म सम्बोधन गर्न नसकेको अवस्थामा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६९(ख) मा तह र श्रेणीगत समानताका वारेमा गरिएको व्यवस्थाका साथै कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उप दफा ४ बमोजिम समायोजन गर्ने सन्दर्भमा यस उप-महानगरपालिका (साविक स्थानीय निकाय) मा कार्यरत स्थायी कर्मचारीहरुलाई एउटै तहमा न्यूनतम ५ वर्षभन्दा बढी काम गरिसकेका, आवश्यक शैक्षिक योग्यता हासिल गरेका कार्यसम्पादन अति उत्तम रहेका तपसिलका सहायकस्तर र अधिकृतस्तरका कर्मचारीहरुलाई एक तह बढुवा गरी कार्यान्वयन गर्न स्वीकृतिको लागि नगरसभामा लैजाने निर्णय गरियो

| क.स | कर्मचारीको नाम | हालको पदमा नियुक्ती | हालको पद | हालको तह | समायोजन हुने तह |
|---|---|---|---|---|---|
| १ | सूरज शर्मा | २०७२।०८।०३ | सि.ईन्जीनियर | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं |
| २ | प्रकाश डि.सी. | २०७२।०८।१५ | बा.ईन्जिनियर | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं |
| ३ | मनोज कुमार रिजाल | २०७२।०८।१५ | साहायक चौथो | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| ४ | सन्तोषी बिष्ट | २०७२।०८।१५ | साहायक चौथो | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| ५ | सरस्वती चौधरी | २०७२।०९।२४ | साहायक चौथो | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |

**निर्णय न.१७ :** नेपालको संविधानको धारा ५६ वमोजिम राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था रहेको राज्यशक्तिको वाँडफाँड धारा ५७ (४) स्थानीय तहको अधिकार नगर सभाले वनाएको कानून वमोजिम हुने भनि उल्लेख भएको, धारा २१४ वमोजिम कार्यकारिणी अधिकार प्रयोग गरी स्थानीय तहको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र संचालन गर्ने, व्यस्थापकीय अधिकार धारा २२१ ले नगर सभामा निहित रहेको, धारा २२६ बमोजिम कानून वनाउने अभिभारा यस नेपालगंज उपमहानगरपालिकाको नगरसभामा रहेकोले सो अधिकार प्रयोग गरी यस नेपालगंज उपमहानगरपालिकाको नगर कार्यपालिकाबाट पेश भएका देहाय वमोजिमकाविधेयकहरुलाई आठौ नगर सभामा स्वीकृतकालागि पेश गर्ने निर्णय गरियो ।

१. बालबालिका सम्बन्धि विद्येयक, २०७७

२. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि विद्येयक, २०७७

## मिति २०७७।१०।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं. १८ : भूमि सम्बन्धि समस्या समाधान आयोग र नेपालगंज उप-महानगरपालिका बिच मिति २०७७/०९/१५ मा भएको सम्झौता कार्यान्वयन गर्नका लागि नेपालगंज उप-महानगरपालिका भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासिको लगत संकलन इकाई,नेपालगंज,बाँकेलाई रु. ३८,००,००० ।-(अक्षेरुपि रु. अडतिस लाख)मात्र बजेट ब्यबस्था गर्नुका साथै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसिको स्थानीय तहबाट लगत संकलन सम्बन्धि कार्यविधि,२०७७ को दफा ३ को उपदफा (१) बमोजिमको भूमि सम्बन्धि समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

1. संयोजक - डा.धवल शमशेर राणा (नेपालगंज उप-महानगरपालिका नगर प्रमुख)
2. उपसंयोजक - श्री उमा थापा मगर (नेपालगंज उप-महानगरपालिका उपप्रमुख)
3. सदस्य- प्रतिनिधि नेपाली कांग्रेस
4. सदस्य- प्रतिनिधि नेपाल कम्युनिस्ट पार्टी(ने.क.पा)
5. सदस्य- प्रतिनिधि जनता समाजवादी पार्टी नेपाल
6. सदस्य-रास्ट्रीय प्रजातन्त्र पार्टी
7. सदस्य-श्री मंजु वादी (कार्यपालिका सदस्य)
8. सदस्य-श्री बसन्ता जोशी (कार्यपालिका सदस्य)
9. सदस्य-संयोजकले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका परतिनिधि (कम्तिमा १ महिला सहित २ जना)
10. सदस्य-सचिब-श्री ओमबहादुर खड्का (प्रमूख प्रशासकीय अधिकृत)

निर्णय नं.१९ : चालु आ.व. २०७७।७८ को लागि सडक बोर्ड नेपालको मिति २०७७।०८।१४ को प्राप्त पत्र बमोजिम यस उपमहानगरपालिकाको सडक मर्मत कार्यका लागी रु. ७० लाख बजेट बिनियोजन भएको र सो बमोजिम मिति २०७७।०९।०२ को नगरकार्यपालिकाको बैठकको निर्णय बमोजिम यस उपमहानगरपालिकाको वडा नं. १२ स्थित बी.पी चोक देखि पश्चिम दोन्द्रा नाला सम्मको सडक मर्मत गर्ने प्रकृया अगाडी बढाउन सडक बोर्ड नेपालमा सिफारिस गर्ने निर्णय भएको र सडक बोर्ड नेपालको मिति २०७७।०९।२४ को प्राप्त पत्र बमोजिम थप बजेट रु ९० लाख थप भएको हुदा अन्य मर्मत गर्नुपर्ने सडक छनौट गर्ने र आ.व. ०७७।७८ का स्थानीय सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम यस उपमहानगरपालिकाबाट ब्यहोर्नु पर्ने रकम रु ६९ लाख यस उपमहानगरपालिकाको प्रदेश, संघ तथा अन्य समपूरक कोष बाट ब्यहोर्ने निर्णय गरियो ।

## मिति २०७७।१०।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. २० :** नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) द्वारा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यबिधि,२०७६ बमोजिम हाल ६ वटा वडाहरुमा तपसिल बमोजिमका कामका लागि पारिश्रमिकाम आधारित आयोजना संचालन गरिने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | वडा नं. | आयोजनाहरुको नाम | अनुमानित लागत | | कूल रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | प्र.म.रो.का | नगर श्रोत | | |
| १ | ७ | वडा भित्र रहेका विभिन्न टोलहरुमा नाला सरसफाई | ९३०६० | १०२२५ | १०३२८५ | ५१७दर*१२जना*१५दिन |
| २ | ११ | वडा भित्र रहेका विभिन्न टोलहरुमा नाला सरसफाई | २३२६५० | २१३०० | २५३९५० | ५१७दर*३०जना*१५दिन |
| ३ | १८ | वडा भित्र रहेका विभिन्न ठाउँहरुमा नाला तथा सडक सरसफाई | २५८५०० | १८७२५ | २७७२२५ | ५१७दर*२५जना*२०दिन |
| ४ | १९ | वडा भित्र रहेका विभिन्न बाटोमा सरसफाई तथा माटोपटान | ७४४४८० | ४९५०० | ७९३९८० | ५१७दर*७२जना*२०दिन |
| ५ | २१ | वडा भित्र रहेका विभिन्न टोलहरुमा सरसफाई कार्यक्रम | १०३४०० | ८६५० | ११२०५० | ५१७दर*१०जना*२०दिन |
| ६ | २३ | वडा भित्र रहेका विभिन्न टोलहरुमा नाला सरसफाई | १०८५७० | १२३२५ | १२०८९५ | ५१७दर*१४जना*१५दिन |
| | | **जम्मा** | **१५४०६६०** | **१२०७२५** | **१६६१३८५** | |

नोट : क) प्रमरोका अन्तरगतको सम्पुर्ण रकम पारिश्रमिकमा (ज्याला) मात्र लाग्ने छ ।

ख) नगर श्रोत अन्तरगतका सम्पूर्ण रकम सम्बन्धित वडाले बेहोर्ने र यस रकमलाई निर्माण तथा सुरक्षा सामाग्रीहरुमा लगाइनेछ ।

**निर्णय नं. २१ :** यस नेपालगंज उपमहानगरपालिकाले आवश्यकतानुसार विपन्न, गरीव, असहायहरुलाई वितरण गर्ने आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनका लागि आर्थिक सहायता कोष सम्बन्धि कार्यबिधि तयारीका लागि यस उपमहानगरपालिकाको बिद्यायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २२ :** यस उपमहानगरपालिका भित्रको दिसाजन्य फोहरमैला व्यवस्थापन गर्न SNV नेपाल सगं सहकार्य गरि कार्य अगाडी बढाउने कार्यका लागि स्वीकृती लिन नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

**निर्णय नं. २३ :** यस उपमहानगरपालिकाको अस्पतालजन्य फोहरमैला व्यवस्थापन तथा संरचना निर्माण गर्न विगत देखि निरन्तर रुपमा यस नगरपालिकाको विभिन्न क्षेत्रमा सहयोग गर्दैआएको सस्था

## मिति २०७७।१०।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

GIZ संग सहकार्य गरि कार्यान्वयन गर्ने कार्यका लागि स्वीकृती लिन नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

**निर्णय नं. २४ :** यस उपमहानगरपालिकाको संचित कोषमा ब्ययभार पर्ने गरी लागत सहभागितात्मक योजना (८०/२०) अन्तर्गत प्रत्येक वडाले बढीमा १० लाख भित्रको लागत अनुमानमा पर्ने गरी १-१ वटा योजना १५ दिन भित्र वडाहरुले यस उपमहानगरपालिकामा पठाउने र सो बाट बिनियोजित रकम मध्ये बचत हुन आउने बांकी योजना प्रमुख/उप-प्रमुखको निर्णयमा छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :** यस उपमहानगरपालिका समक्ष एनिमल नेपाल नामक संस्थाबाट वडा नं. २१ मा रहेको कान्जिहाउसमध्ये ईट्टा उद्योग जाने बाटोमा दक्षिण पट्टी रहेको तारबारले घेरिएको जग्गामा अश्व प्रजातिका जनावरहरुको लागि चरण भूमि ब्यवस्थापनका लागि माग भै आए बमोजिम अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :** कर्मचारी समायोजन ऐन तथा अन्य संघीय कानुनहरुले समेत हालसम्म समग्र स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई सम्बोधन गर्न नसकेको, स्थानीय तहमा साविकदेखि कार्यरत कर्मचारीहलाई नसमेटी कर्मचारी समायोजन अध्यादेश, २०७५ ले समेत निजामति कर्मचारीहरुका विषयमा मात्र कानुनी ब्यवस्था गरेको देखिएकोले जनसेवा प्रवाहमा नकारात्मक असर परिरहेको परिवेश समेतले गर्दा स्थानीय तहको सेवा सम्बन्धि ऐन अत्यावश्यक देखिएकोले सो सम्बन्धि ऐन तयार गरी स्वीकृतीको लागि पेश गर्न बिद्यायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २७ :** चालु आ.व. २०७७।०७८ का लागि यस उपमहानगरपालिकाबाट स्वीकृत बजेट कार्यक्रमको बार्षिक नगर बिकास योजना अनुसारको **नयां ब्यवसाय प्रबर्द्धन कार्यक्रम** शिर्षकमा विनियोजित रकम रु. दश लाखबाट ब्ययभार हुने गरी कार्यक्रम संचालन गर्न परामर्शदाता छनौट गरी कार्य गर्न प्रस्ताव माग गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।